# विद्यालय तहमा एकाङ्की शिक्षणप्रति शिक्षकका अनुभव

**डा. नारायणप्रसाद पन्थ**
**उपप्राध्यापक**
**त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस**
इमेल : panthanarayan25@gmail.com
Orcid ID : https://orcid.org/ 0009-0006-0535-1151
**DOI:** https://doi.org/10.3126/madhyabindu.v10i1.75624

## सारसङ्क्षेप

एकाङ्की पात्रका माध्यमबाट अभिनय गरिने संवादात्मक संरचना हो । यो कथानक, पात्र, जीवनजगत्को अनुकरण, कार्यव्यापारको प्रस्तुतीकरण, संवादात्मक तथा अभिनेयात्मक रचना भएकाले संवादका माध्यमबाट जीवनका विविध क्रियाकलापको अनुकरण गरी अभिनयमूलक रूपमा दर्शक वा पाठकका निम्ति प्रस्तुत गरिने मनोरञ्जनात्मक विधा हो । यो एउटै उद्देश्य, एउटै घटना, विषयगत एकोन्मुखता र निश्चित उद्देश्य भएको विधा हो । यस लेखको उद्देश्य माध्यमिक विद्यालय कक्षा ११ र १२ मा ऐच्छिक नेपाली विषय अध्ययपन गर्ने शिक्षकका एकाङ्की शिक्षणप्रतिका अनुभव पहिचान गरी विश्लेषण गर्नु रहेको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा अध्ययनका लागि दशजना नेपाली शिक्षकलाई सहभागी गराइएको छ र अन्तरवार्ताका आधारमा तथ्य सङ्कलन गरिएका छन् । द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट सैद्धान्तिक सामग्री सङ्कलन गरी उक्त तथ्यहरूको विश्लेषण गरिएको छ । शिक्षकले बताएअनुसार एकाङ्की शिक्षणलाई भाषाशिक्षण सिकाइसँग जोड्नुपर्दछ । विद्यार्थीका शैक्षिक तथा मनोवैज्ञानिक स्तरअनुसार समयसापेक्ष हुने गरी एकाङ्कीको छनोट र स्तरण गर्नुपर्दछ । यस अध्ययनमा कक्षाको परिस्थिति, एकाङ्कीको गहनता तथा विद्यार्थीका कक्षागत स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने निचोड निकालिएको छ । यो अध्ययन शिक्षक, विद्यार्थी, साहित्यप्रेमी तथा पाठकवर्गलाई उपयोगी हुने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जिका** : अभिनय, दृश्यकाव्य, मनोरञ्जनात्मक विधा, रङ्गमञ्चीय कला, रूपक, संवादात्मक संरचना ।

## विषयपरिचय

संस्कृत काव्यशास्त्रमा हेरेर आनन्द र ज्ञान प्राप्त गरिने नाटकीय रचनालाई दृश्यकाव्यमा समावेश गरिएको छ । रूपकलाई नाटकीय संरचनामा आउने सबै प्रकारका विधा वा उपविधाहरूलाई समेट्ने शब्दका रूपमा चिनिन्छ । यो एउटा विशिष्ट समावेशक शब्द हो । यसभित्र विभिन्न नाटकीय विधा समाविष्ट भएका हुन्छन् । रूपक शब्दले व्यक्ति वा वस्तुको स्वरूपलाई सङ्केत गर्नुका साथै नाट्यकृतिका विविध प्रकारलाई बुझाउँछ । एकाङ्कीको अर्थ एक अङ्कको अथवा एक अङ्कमा बनेको भन्ने हुन्छ । यसले नाट्य विधाको एउटा प्रकारलाई बुझाउँछ । त्यसैले यसले एउटै अङ्क र एउटै घटनामा आधारित नाट्य रचना भन्ने अर्थ दिएको छ । एकाङ्कीको विधागत चर्चा संस्कृत नाट्यशास्त्र र काव्यशास्त्रहरूमा प्राचीन कालदेखि नै हुँदै आएको भए पनि यसलाई पाश्चात्य साहित्यको देन मानिन्छ । प्रस्तुति वा अभिनय अर्थ दिने ग्रिक शब्द ड्रामाको एउटा रूपलाई 'वान् याक्ट प्ले' **(One Act Play)** भनिन्छ । पूर्वीय जगत्मा यसलाई एकाङ्की भनिएको छ ।

एकाङ्कीमा मानव जीवनको एक पक्ष, एक महत्त्वपूर्ण घटना, एक विशेष परिस्थिति वा एक उद्दीप्त क्षणको चित्र पाइन्छ । एकाङ्कीमा जीवन र जगत्को एउटा विशिष्ट परिवेशलाई समेट्ने खालको जुनसुकै कथावस्तु हुन सक्ने, त्यसलाई नाटकीय संरचनामा ढालेर प्रभावकारी रूपमा प्रस्तुत गर्नुपर्ने र एउटै अङ्कमा भावगत अभीष्ट पूरा गर्नुपर्ने मान्यतामा जोड दिएको देखिन्छ । एकाङ्की एउटा अङ्कमा समेटेर प्रस्तुत गरिने नाटकीय रचना भएकाले यसले विद्यार्थीका मौखिक अभिव्यक्तिगत ढाँचाअनुरूप उपयुक्त परिस्थितिअनुसार हाउभाउपूर्ण ढङ्गबाट अङ्गसञ्चालन गरी विचारको प्रस्तुतीकरण गर्न र भाषिक प्रयोगमा कुशल बनाउन मदत गर्छ । त्यसैले यसबाट मौखिक अभिव्यक्तिका माध्यमले आफ्ना भावना, संवेग तथा विचारको प्रभावपूर्ण आत्मप्रदर्शनमा अभ्यस्त गराउन सकिन्छ ।

एकाङ्की शिक्षण हाउभाउ प्रदर्शन गरी विचारको प्रस्तुतीकरण र व्यवहार गर्ने, अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्ने, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्ने र तार्किक क्षमताको विकास गर्नेजस्ता क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसबाट निर्दिष्ट संवाद, एकाङ्की तथा वादविवादलाई परिस्थिति, पात्र तथा भावानुकूल वाचन, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । यसक्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह-अवरोह, आघात, गति, यति आदिको ख्याल गर्नुपर्छ । रूपकको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, भाव पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन कार्यकलापसमेत गराउनुपर्छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) । यसरी अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्न, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्न र तार्किक क्षमताको विकास गराउन एकाङ्की नाटक शिक्षण गरिन्छ ।

प्रस्तुत लेखमा माध्यमिक विद्यालय कक्षा ११ र १२ मा ऐच्छिक नेपाली विषय अध्ययपन गर्ने शिक्षकका एकाङ्की शिक्षणप्रतिका अनुभवको विश्लेषण गरिएको छ । यस लेखमा पुस्तकालयीय कार्यबाट द्वितीयक सामग्रीसमेत सङ्कलन गरी एकाङ्कीका विभिन्न सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा लिई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस लेखको मुख्य उद्देश्य एकाङ्की शिक्षणका विधि, प्रक्रिया तथा शिक्षणक्रमको सान्दर्भिकता के हो र माध्यमिक विद्यालय कक्षा ११ र १२ मा ऐच्छिक नेपाली विषय अध्ययपन गर्ने शिक्षकका एकाङ्की शिक्षणप्रतिका अनुभव के कस्ता रहेका छन् भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रही अध्ययन गर्नु रहेको छ । यस अध्ययनबाट विद्यालय तहमा एकाङ्की शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण गरिएको छ । यस अध्ययनबाट अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठक लाभान्वित हुने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेखका लागि रुपन्देही जिल्लामा रहेका पाँचओटा सामुदायिक विद्यालयहरू कालिका मानवज्ञान मा.वि, शान्ति नमुना मा.वि, सैनामैना मा.वि, पर्रोहा मा.वि र रामापुर मा.वि. गरी जम्मा पाचँओटा माध्यमिक विद्यालय कक्षा ११ र १२ मा ऐच्छिक नेपाली विषय अध्ययपन गर्ने दुई दुई जनाका दरले दशजना शिक्षक सहभागी गराइएको छ । यस क्रममा नेपाली विषय शिक्षकसँग भेटघाट गरी ब्ली र टेलर (सन् २००२) ले भनेझैं अर्धसंरचना प्रकृतिको प्रश्नावलीका आधारमा एकाङ्की शिक्षणप्रति शिक्षकका अनुभवका सम्बन्धमा अन्तरवार्ताद्वारा तथ्य सङ्कलन गरिएका छन् । उक्त तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार विद्यालय तहमा एकाङ्की शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण गरिएको छ । यस लेखमा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिई विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उनीहरूका धारणा प्रस्तुत गरिएका छन् । छनोट गरिएका शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार, शिक्षक पाँच गरी क्रमशः शिक्षक दश गरी

सङ्केत गरिएको छ । यही सङ्केतका आधारमा एकाङ्की शिक्षणको उपयोगका सम्बन्धमा साझा धारणा प्रस्तुत गरी आवश्यकताअनुसार एकाङ्की शिक्षणबारे शिक्षकका व्यक्तिगत धारणा उल्लेख गरिएको छ । यसका लागि आवश्यक सामग्री द्वितीयक स्रोतबाट पनि सङ्कलन गरिएका छन् । विश्लेषणात्मक विधिमा आधारित यस लेखमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

दृश्य पाठ्य र श्रव्य पाठ्य गरी साहित्यका दुई भेदमध्ये एकाङ्की र नाटक दृश्य पाठ्यअन्तर्गत रहेका छन् । एक अङ्कको नाटक एकाङ्की र एकभन्दा बढी अङ्कमा पूर्ण हुने नाट्य विधा पूर्णाङ्की नाटक हो । एकाङ्की शब्द एक + अङ्क + ई मिलेर बनेको छ । यसले एक अङ्कमा पूर्ण हुने भन्ने अर्थबोध गराउँछ । एक अङ्क भए पनि यो स्वयम्मा पूर्ण साहित्यिक विधाका रूपमा स्थापित रहेको छ । एकाङ्कीको विधागत चर्चा संस्कृत नाट्यशास्त्र र काव्यशास्त्रहरूमा प्राचीन कालदेखि हुँदै आएको भए पनि यसलाई पाश्चात्य साहित्यको देन मानिन्छ । प्रस्तुति वा अभिनय अर्थ दिने ग्रिक शब्द ड्रामाको एउटा रूपलाई 'वान् याक्ट प्ले' (One Act Play) भनिन्छ । त्यही नै पूर्वीय जगत्मा प्रचलित एकाङ्की हो ।

पारम्परिक रूपमा एकाङ्की एक कथानक, चरित्र वा पात्र तथा संवाद र कार्यव्यापारलाई संयोजित गरेर लेखिन्छ । कुनैमा चरित्रको, कुनैमा कार्यको र कुनैमा संवादको प्रधानता रहन्छ । कुनै एकाङ्कीको कथानक स्थूल वा परिपुष्ट हुन्छ भने कुनैको सूक्ष्म । कुनै एकाङ्की कार्यव्यापारमय हुन्छ भने कुनै कार्यहीन पनि हुन्छ । नेपालीमा लेखिँदै आएका एकाङ्की प्रायः यस्तै छन् । प्रयोगधर्मी एकाङ्की भने स्वरूप र संरचनामा भिन्न देखिन्छन् ( उपाध्याय, २०६७, पृ.२६०) । यसरी एकाङ्कीलाई विभिन्न अङ्कमा लेखेर नाटक बन्दैन र नाटकको एउटा अङ्कले एकाङ्की बन्दैन ।

एउटा मात्रै घटना विशेषको प्रस्तुति रहेको नाट्यविधा एकाङ्की हो । घटनाविशेषको प्रस्तुति एकाङ्कीमा हुने भएकाले आख्यानात्मकता; एउटा मात्रै घटनाको प्रस्तुति हुने भएकाले सङ्क्षिप्तता; नाट्यविधा भएकाले अभिनेयात्मकता र संवादात्मकता एकाङ्कीका विशेषताका रूपमा देखिन्छन् ( भण्डारी र अन्य, २०६८, पृ. ४०५) । यसरी यो आफैँमा स्वतन्त्र एवम् पूर्ण अस्तित्व बोकेको साहित्यिक विधा हो । नाट्यात्मकता नाटक र एकाङ्की दुवैका साझा विशेषता भए पनि नाटकलाई छोट्याएर एकाङ्की तथा एकाङ्कीलाई लम्ब्याएर नाटक बनाउन सकिँदैन ।

"नेपाली वृहत् शब्दकोशअनुसार एकाङ्की एक अङ्क मात्र भएको वा हुने आफैँमा पूर्ण, छोटो नाटक; एक अङ्क मात्र हुने एक प्रकारको दृश्यकाव्य । २. रूपकका दश भेदमध्ये भाण, व्यायोग, उत्सृष्टाङ्क, वीथीजस्ता एक अङ्क मात्र हुने रूपक । वि. ३. एक अङ्क भएको । कुनै देश काल र वातावरणसँग सम्बद्ध नरनारीको चरित्र र कार्यलाई पात्रहरूका अभिनयका माध्यमबाट प्रदर्शित गरिने उद्देश्यले लेखिएको संवादात्मक साहित्य विधा नै नाटक हो भनी परिभाषित गरिएको छ"- २०७२, पृ.१५८) । सम्बन्धित एकाङ्कीका विषयवस्तु, पात्र विधान, भाषाशैली, वातावरण, संरचना, घटना, तत्त्व आदि विभिन्न पक्षहरूका बारेमा विद्यार्थीले के कति बुझेछन् भन्ने दृष्टिले प्रश्नहरू सोधी उत्तर दिन लगाउने जस्ता क्रियाकलाप गराउनु आवश्यक हुन्छ (शर्मा र पौडेल, २०७२, पृ.२२६) । रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, वातावरण, संरचना, घटना, संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउन सकिन्छ । कथानक, संवाद, भाषाशैली, चरित्र चित्रण, परिवेश र शीर्षकलगायतका आधारमा नाटक एकाङ्कीको समीक्षा गरिन्छ (ढकाल र खतिवडा, २०७५, पृ.८८) । यसक्रममा उक्त समीक्षा मौखिक र लिखित दुवै रूपबाट गराउन प्रेरित गर्ने गरिएको छ । समीक्षाका रूपमा र गृहकार्यको रूपमा पनि गराउने गरिएको छ । एकाङ्कीमा प्रयुक्त विशिष्ट

पङ्क्तिहरूको व्याख्या गरिदिई त्यस्तै अन्य पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याको अभ्यास गराउन सकिन्छ (शर्मा र पौडेल, २०७२, पृ.२२७) । रूपक व्यक्तिका व्यवहार, स्वभाव, रूपाकृतिको दृश्य श्रव्यात्मक वा अभिनेयात्मक प्रस्तुति हो । यो अभिनयात्मक विधा हो । यो कथ्य भाषासँग सम्बन्धित भएकाले मौखिक अभिव्यक्तिका माध्यमले व्यक्तिका भावना, चरित्र आदिको प्रदर्शन गरिन्छ । नाटक, एकाङ्की, संवाद, वादविवाद, मनोवाद, वक्तृता आदिका माध्यमबाट रूपकीय प्रस्तुति गरिन्छ ( माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ११-१२), २०७६) । विद्यार्थीले लेखेका समीक्षालाई कक्षामा वाचन गर्न लगाउने गरिएको छ । एकाङ्कीमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्या गरी दिएर विशिष्ट पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याको अभ्यास गराउने गरिएको छ ।

> बालकृष्ण समले शारदाको नव वर्षाङ्क ८ । १ वैशाख १९९९ पत्रिकामा एकाङ्कीमा एउटै विषय, एउटै समय र एउटै अङ्क वा दृश्य हुनु आवश्यक छ । एक र अनेक अनेकमा जति टुक्रा पनि हुन सक्तछ, तर एकमा एकचोटि पनि नटुटेको नटुक्रेको सिङ्गो हुनुपर्दछ - छोटो, सानो भए पनि । यो घोड दौडको एक दौड जस्तो हो जसमा विश्राम हुनुहुँदैन, जसलाई दर्शकहरू सासको गति रोकेर भने जस्तो, आँखा झिम नगरेर भने जस्तो हेर्दछन्, दौडको बीचमा उनीहरू जति कराऊन् उनका मस्तिष्क अवाक् रहन्छन् अन्तमा खेलाको छिनाफाना भएपछि अथवा खेल खतम भएपछि मात्र ती संदिग्धको बाँधबाट खुस्कन्छन् अनि खुकुलो भएर बगैंचामा जस्तो कुरा गर्न थाल्दछन् भन्ने कुरा उल्लेख गरेका छन् ( पोखरेल, २०८१, पृ.२८६) ।

यसरी एकाङ्की एक अङ्कमा लेखिने स्वयम्मा पूर्ण दृश्यपाठ्य साहित्यिक विधा हो । यो आफ्नो प्रकृति र आफ्ना माध्यमको कठोर बन्धनले गर्दा एउटै घटना वा प्रसङ्गमा सीमित हुन्छ । यो मौखिक अभिव्यक्ति सिप विकाससँग सम्वन्धित भएकाले यसमा अर्काको व्यवहार, आनीवानी, स्वभाव एवम् चारित्रिक विशेषताको दृश्य, श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुति हुन्छ । रूपक विधा बोलाइ र पढाइसँग प्रत्यक्ष सम्बन्धित छ तर पनि यसबाट भाषाका चारवटा सिपको विकास गराउन सकिन्छ । शिक्षकले यी उपविधाको उपयोग गर्दा पाठ्यसामग्रीका विषयवस्तुमाभन्दा बढी ती विषयवस्तुको माध्यमबाट भाषिक सिपको विकासमा जोड दिन सकिन्छ । एकाङ्कीबाट अभिवादन, आभार, कुराकानी, छलफल, संवाद, वादविवाद, अन्तर्वार्ता, नाटकीकरण, भूमिका तथा अभिनयलगायतका क्रियाकलापको विकास गराउन सकिन्छ ।

## छलफल तथा परिणाम

यहाँ माध्यमिक विद्यालय तह कक्षा ११ र १२ मा ऐच्छिक नेपाली विषय अध्ययपन गर्ने शिक्षकका एकाङ्की शिक्षणप्रतिका अनुभवको पहिचान तथा विश्लेषणमा आधारित भई तयार पारिएको यस लेखमा शिक्षकबाट प्राप्त तथ्यहरूको विश्लेषण गरिएको छ ।

## एकाङ्की शिक्षणका प्रक्रियाको उपयोगप्रति शिक्षकका अनुभव

एकाङ्की एउटै उद्देश्य, एउटै घटना, विषयगत एकोन्मुखता र निश्चित उद्देश्य भएको विधा हो । यसले अभिनयात्मक साहित्य विधाका अभिव्यक्तिगत विशेषता अपनाएको हुन्छ । यसमा एउटै विषय र एउटै समयको उद्घाटन हुन्छ । संवाद र मञ्चन वा अभिनय एकाङ्कीका प्रमुख तत्त्व हुन् । यसबाट हाउभाउ, अभिनय र भूमिकानिर्वाह सिपको विकास गराउन सकिन्छ । शिक्षणमा नाटकीकरण, प्रश्नोत्तर र संवादात्मकताजस्ता पक्षमा विचार पुऱ्याउनुपर्छ । यहाँ माध्यमिक विद्यालय कक्षा ११ र १२ मा ऐच्छिक

नेपाली विषय अध्ययपन गर्ने शिक्षकका एकाङ्की शिक्षणका प्रक्रियाको उपयोगप्रति शिक्षकका अनुभवको पहिचान तथा विश्लेषण गरिएको छ ।

शिक्षक एकका अनुसार नाटकीकरण नाटकका पात्रले गर्ने वा देखाउने हाउभाउद्वारा चारित्रिक व्यवहार झल्कने गरी गरिएका अभिनय वा भूमिका प्रदर्शन हो । परिस्थितिअनुरूप हाउभाउ र अभिनयद्वारा प्रभाव पूर्णढङ्गले विषय वा प्रसङ्गलाई प्रस्तुतीकरण गर्ने गरिएको छ ।

शिक्षक दुईका अनुसार कुनै विषय वा परिस्थितिलाई अभिनय, हाउभाउ, चेष्टा र अङ्ग सञ्चालन गरी मनोरञ्जनपूर्ण किसिमले अभिव्यक्ति दिने क्रियाकलाप भएकाले यसबाट प्रसङ्गअनुसार पात्रको अनुकरण गरी प्रस्तुत गर्ने क्षमताको विकास गराउने कियाकलाप सञ्चालन गर्ने गरिएको छ ।

शिक्षक तीनका अनुसार यसबाट खास प्रसङ्गलाई दुरूस्त किसिमले प्रस्तुत गर्ने क्षमताको विकाससहित उपयुक्त अङ्ग सञ्चालन, मुखमुद्रा र आवाजको आरोहअवरोह गर्ने बानीको विकासका साथै बोलाइमा प्रभावकारिता ल्याउन सकिन्छ । कक्षाको स्तरअनुसार भूमिकानिर्वाह गर्नुपर्ने विषयवस्तु छान्न लगाएर भूमिकानिर्वाह गर्ने गरिएको छ ।

शिक्षक चारका अनुसार एकाङ्की विधा बोलाइ तथा पढाइ सिपसँग सम्बन्धित हुन्छ । यसको शिक्षण क्रियाकलापका क्रममा संवादका क्रियाकलाप गराउने, एकाङ्की सस्वरवाचन गराउने, शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोगका क्रियाकलाप गराउने, मौनवाचन गराई प्रश्नोत्तर गराउने, विद्यार्थीलाई एकाङ्कीका विभिन्न पात्र बनाएर भूमिका अभिनय गर्न लगाउने, एकाङ्कीको भाव भन्न लगाउने, व्याख्या गर्न र सारांश लेख्न लगाउने जस्ता प्रक्रिया अपनाउन सकिन्छ । कक्षाका विद्यार्थी अनुपातका आधारमा भिन्न-भिन्न शिक्षणक्रम अपनाउन सकिन्छ । यसक्रममा कक्षाको अनुकुलताका आधारमा शिक्षणक्रम परिवर्तन गर्ने गरिएको छ ।

शिक्षक पाँचका अनुसार एकाङ्की शिक्षणका प्रक्रियाकमा रूपमा परिचय वा प्रस्तावनामा सर्जकको व्यक्तिगत परिचय तथा कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, एकाङ्कीका आकर्षक पक्ष, आकर्षणको कारण, कथानकभित्रका प्रमुख घटनाको उल्लेख गरी विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापप्रति प्रेरित गराउन सकिन्छ । शब्दार्थ शिक्षणको क्रममा पाठ्य कृतिको सस्वरवाचनका क्रममा देखिएका कठिन शब्दहरूको अर्थ, शन्दर्भगत प्रयोग अभ्यास गरी कठिनाई निराकरण गराउन सकिन्छ । पात्र अनुकुल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्याथीहरूलाई पालैपालो वाचनको अभ्यास गराउने गरिएको छ ।

शिक्षक छका अनुसार एकाङ्कीको आकारका आधारमा पुरै वा आंशिक वाचनको अभ्यास गराउन सकिन्छ । सम्बन्धित रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, घटना, वातावरण, संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउनुपर्छ । कथानक, संवाद, भाषाशैली, चरित्र, चित्रण, परिवेश र शीर्षकलगायतका आधारमा एकाङ्की नाटकको समीक्षा गर्न गराउन सकिन्छ । एकाङ्कीमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्या गरी विशिष्ट पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याको अभ्यास गराउने गरिएको छ । ।

शिक्षक सातका अनुसार प्रसङ्गअनुसार कथ्य एवम् लेख्य रूपमा प्रयोग गर्ने क्षमताको विकास गर्ने, अभिनयात्मक भाषिक प्रयोजनमा अभ्यस्त बनाउने, अरूको भाषिक व्यवहार र आचरणको अनुसरण गर्ने, विभिन्न राष्ट्र, राष्ट्रियता, ज्ञान, स्थान, सम्प्रदाय, संस्कृति आदिसँग परिचित प्रयोग गराउने, मौखिक भाषाको मर्म बुझी सोहीअनुसारको जीवन्त, स्पष्ट र प्रभावकारी

भाषा प्रयोग गर्ने, उच्चारण र बोलाइलाई शुद्ध बनाउने, तार्किक तथा सिर्जनात्मक क्षमताको विकास गर्ने, स्वस्थ मनोरन्जन प्रदान गर्न र सारांश लेख्न लगाउनेजस्ता क्रियाकलापका अभ्यास गराउने गरिएको छ ।

शिक्षक आठका अनुसार एकाङ्की शिक्षणको प्रयोजन मानव स्वभावको अध्ययन गराउनु र जीवन दर्शनको ज्ञान गराउनु हो । एकाङ्कीमा अनेक किसिमका पात्र हुन्छन् । यी हरेक पात्रका जीवन दर्शन भिन्न- भिन्न हुन्छन् । पात्रका जीवनका सुख-दुःख हाँसो, खुसी, रोदन जस्ता कुरा हेरेर-पढेर विद्यार्थीले पनि जीवनोपयोगी ज्ञान हासिल गराउने अभ्यास गराइएको छ ।

शिक्षक नौका अनुसार एकाङ्की शिक्षणको प्रयोजन विभिन्न परिस्थितिको ज्ञान गराउनु हो । मानिसले वास्तविक जीवनमा जस्ता जीवन्त परिस्थितिहरूको सामना गरिसकेको हुन्छ त्यस्तै परिस्थितिको नाटक एकाङ्कीमा चित्रण हुने भएकाले यस विषयमा ध्यान पुऱ्याइएको छ ।

शिक्षक दसका अनुसार मानव जीवनमा गर्न हुने र गर्न नहुने काम र सामना गर्नुपर्ने परिस्थितिको जानकारी गराएर व्यावहारिक बनाउन पनि यसले ठुलो सहयोग गरेको छ । एकाङ्की शिक्षणको प्रयोजन परिस्थितिअनुसार भाषाको प्रयोग गर्न सक्ने बनाउनु हो । स्थान, समय र परिवेशको भिन्नतालाई जनाउने उपयुक्त भाषाको प्रयोग गर्न दक्ष बनाउनु यसको मूल उद्देश्य भएकाले यस विषयमा ध्यान पुऱ्याइएको छ ।

यसरी परिचय वा प्रस्तावनामा सर्जकको व्यक्तिगत परिचय तथा कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, नाटक एकाङ्कीका आकर्षक पक्ष, आकर्षणको कारण, कथानक भित्रका प्रमुख घटनाको उल्लेख गरी विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापप्रति प्रेरित गर्ने विषयमा ध्यान पुऱ्याइएको छ । एकाङ्कीकारको परिचय तथा प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, त्यसका आकर्षक पक्ष, त्यसको छनोट औचित्य र त्यसको दृश्य विधानलगायतको उल्लेख गर्ने गरिएको छ । यसका साथै सर्जकको व्यक्तिगत परिचय तथा कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, नाटक एकाङ्की आकर्षक पक्ष, आकर्षणको कारण, कथानक भित्रका प्रमुख घटनालगायतको उल्लेख गरी शिक्षण गर्ने गरिएको छ ।

## एकाङ्की शिक्षणका विधिको उपयोगप्रति शिक्षकका अनुभव

यहाँ माध्यमिक विद्यालय कक्षा ११ र १२ मा ऐच्छिक नेपाली विषय अध्ययपन गर्ने शिक्षकका एकाङ्की शिक्षणका विधिको उपयोगप्रति शिक्षकका अनुभवको पहिचान तथा विश्लेषण गरिएको छ । यसअनुसार एकाङ्की शिक्षणका क्रममा महत्त्वपूर्ण वा सम्पूर्ण अंश पात्रअनुसारका हाउभाउ तथा चेष्टाको ख्याल गरी पहिले शिक्षक र त्यसपछि विद्यार्थीबाट सस्वर वाचन अभ्यास गराउने गरिएको छ । पात्र अनुकूल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्यार्थीहरूलाई पालैपालो वाचनको अभ्यासमा जोड दिइएको छ । एकाङ्कीको आकारका आधारमा पूरै वा आंशिक वाचनको अभ्यास गराइएको छ । एकाङ्की शिक्षणका क्रममा शिक्षकले आदर्श वाचन गर्ने र विद्यार्थीहरूलाई पनि आङ्गिक सञ्चालनसहित एकाङ्कीको वाचन गर्ने अभ्यास गराउँदा उनीहरूको रुचि उत्पन्न गराउन सजिलो भएको छ । सम्बन्धित रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, घटना, वातावरण, संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउँदा उनीहरू प्रेरित भएका छन् । एकाङ्कीको सस्वर र मौनवाचन गर्न लगाई प्रश्नोत्तर गराउने गरिएको छ । पात्र अनुकुल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्याथीहरूलाई पालैपालो वाचनका अभ्यास गराइएका छन् । वाचन सस्वर र मौखिक दुवै रूपमा गराइने भए पनि यहाँ पात्रको आशयअनुसार सस्वरवाचन गर्न लगाउने गरिएको छ । व्याख्याको अभ्यास गराउँदा पहिला नमुनाका रूपमा शिक्षकले नै व्याख्या प्रस्तुत गर्ने र विद्यार्थीलाई सोहीअनुसार व्याख्याका अभ्यास गराउने गरिएको छ ।

शिक्षकहरूका साझा धारणाअनुसार यसरी एकाङ्की शिक्षणका क्रममा नाटककारको परिचय दिएर नाटकको विषयवस्तु उठान गर्दा एकाङ्की शिक्षण प्रभावकारी बन्न पुगेको छ । एकाङ्कीको सस्वरवाचनका क्रममा देखिएका कठिन शब्दहरूको अर्थ, शन्दर्भगत प्रयोगको अभ्यासबाट कठिनाई निराकरण गर्न सहज भएको छ । यसक्रममा कठिन शब्द छनोट गर्न वा भन्न विद्यार्थीहरूलाई प्रेरित गर्ने गरिएको छ । सस्वर वाचनका क्रममा देखिएका कठिन शब्द तथा शब्दावलीको सन्दर्भ, अर्थ र प्रयोगमा छलफल गराउने गरिएको छ । कठिन शब्दको निराकरणका अभ्यासबाट उक्त कठिन शब्द शिक्षकले पाटीमा टिपोट गर्दै जानाले शुद्ध उच्चारण अभ्यास गराउन सहज भएको छ ।

आदर्श नाट्य विधि एकाङ्कीका सबै पात्रअनुसारका संवाद, ध्वनि परिवर्तन, शरीर सञ्चालन र हाउभाउ गरेर शिक्षकले वाचन गर्ने विधि हो । शिक्षक एकका अनुसार यसका माध्यमबाट विद्यार्थीहरूलाई वास्तविक पात्रले प्रस्तुत गरेको अभिव्यक्ति अनुकरण गर्न प्रेरित गर्ने गरिएको छ । शिक्षक दुईका अनुसार शिक्षकले सम्पूर्ण एकाङ्कीमा पात्रहरूलाई आफैँमा समाहित गरी वाचन गर्न प्रेरित गर्ने गरिएको छ । यसरी स्थान विशेषमा आवश्यकताअनुसार ध्वनि परिवर्तन र अङ्ग सञ्चालन गरी शिक्षक स्वयम् सबै पात्रको अभिनय अनुकरण गर्न प्रेरित गर्ने गरिएको छ । शिक्षकले पात्रगत संवादहरूलाई विद्यार्थीमा वास्तविक पात्रको आभास हुने गरी उच्चारण गर्न प्रेरित गर्ने गरिएको छ ।

कक्षा अभिनय विधि विद्यार्थीहरूलाई पात्र अनुकुल आवश्यकतानुसार नाटकीकरणसमेत गर्न सक्ने विधि हो । यो विद्यार्थी केन्द्रित विधि हो । शिक्षक तीनका अनुसार यो विधि विद्यालय स्तरीय शिक्षणमा उपयोगी हुन्छ । उच्च तहमा उपयोगी हुँदैन । यसले विधागत विशेषताको तात्त्विक समीक्षा गर्न सहयोग गर्दैन । शिक्षकले कक्षाका केही विद्यार्थी छनोट गरी तिनलाई पाठ्य एकाङ्कीका विभिन्न पात्रहरूको भूमिका दिई कक्षामा अभिनय गर्न लगाउने गरिएको छ । शिक्षक चारका अनुसार

विद्यार्थीहरूलाई विभिन्न भूमिका खेल्न लगाउने गरिएको छ । विद्यार्थी सक्रिय हुने भएपनि विद्यालय स्तरीय शिक्षणमा उपयोगी हुने तर उच्च तहमा यो उपयोगी हुँदैन । यसरी कक्षामा नै विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाएर आवश्यकताअनुसार नाटकीकरणसमेत गर्न लगाइ शिक्षण गर्ने गरिएको छ । यसबाट विद्यार्थीको भाषा प्रयोगमा सुधार हुँदै गएको छ । यो विधि माथिला स्तरका विद्यार्थीहरूका लागि बढी उपयोगी देखिएन ।

व्याख्या विधि एकाङ्कीका विधाका तत्त्वह रूकथानक, पात्र, कथोपकथनलगायतका आधारमा विवेचना गर्ने शिक्षक केन्द्रित विधि हो । यसद्वारा विद्यार्थीमा नाटक एकाङ्कीको गुणदोष छुट्टाउने क्षमताको विकास गराउन सकिन्छ । शिक्षक पाँचका अनुसार यस विधिअनुसार माथिल्ला कक्षामा नाटक शिक्षणमा उपयोगी हुने गरेको छ । सस्वरवाचन गर्नुका साथै नाटककारका प्रवृत्तिहरूको चर्चा पनि गर्ने गरिएको छ । शिक्षकले सम्पूर्ण नाटक एकाङ्कीलाई वाचन गरेपछि व्याख्याका क्रममा एकाङ्कीका रचयिता, कथानक, पात्रगत चरित्र चित्रण, संवाद, भाषाशैली, शीर्षक सार्थकता, परिवेश आदि नाटक एकाङ्कीका विवेच्य पक्षमाथि मौखिक प्रकाश अनि प्रश्नोत्तर विधिका माध्यमले गुणदोषको निरूपण गर्ने गरिएको छ । यसरी एकाङ्कीका विधाका तत्त्वहरू कथानक, पात्र, कथोपकथन, भाषाशैलीलगायतका आधारमा विवेचना गर्ने विधि व्याख्या विधि भएकाले यसअनुसार पात्रहरू, घटना, वस्तु संयोजन, संवाद, भाषाशैली तथा भावको व्याख्यासमेत गरिदिने गरिएको छ ।

रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि हो । यो विधि समय, श्रम र लगानीका दृष्टिले बोझिलो भएकाले प्रयोगमा ल्याउन गाह्रो हुन्छ । शिक्षक छका अनुसार रङ्गमञ्चमा एकाङ्की प्रदर्शन गर्न लगाउनुपर्ने हो तर त्यसो गर्न सकिदैन । यसरी रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि हो । विधा अनुकूलको विधि अभिनय हो तर समय, श्रम र लगानीका दृष्टिले यो बोझिलो भएकाले प्रयोगमा ल्याउन गारो भएको छ । विद्यार्थीहरूलाई पूर्व तयारी गराएर रङ्गमञ्चमा नै अभिनय गर्न लगाइ नाटक शिक्षण गर्न सकिएको छैन ।

संयुक्त विधिअनुसार शिक्षकले पहिले नाटक एकाङ्कीका पात्रको संवादलाई वाचन गर्ने र त्यसपछि सोहीअनुसार विद्यार्थीलाई पात्र अनुकुल वाचनको अभ्यास गराउन जोड दिइन्छ । यसअनुसार पहिले एकाङ्कीका पात्रको संवादलाई वाचन गर्ने र त्यसपछि सोहीअनुसार विद्यार्थीहरूलाई पात्र अनुकूल वाचनको अभ्यासमा जोड दिने गरिएको छ । यो आदर्श वाचन विधि र कक्षा अभिनय विधिको संयुक्त रूप भएकाले यसमा शिक्षक र विद्यार्थी समान रूपमा सक्रिय भएको पाइएको छ । शिक्षक सातका अनुसार यस विधिमा पात्रअनुसार आदर्श वाचन गर्नुका साथै विद्यार्थीहरूलाई भावअनुसार वाचन गर्न लगाउने गरिएको छ । कतिपय प्रसङ्गलाई नाटकीकरणसमेत गर्न लगाइएको छ । विद्यार्थीलाई विवेचना गर्ने क्षमताको विकाश गराउनका लागि व्याख्या वा छलफलसमेत गर्न लगाइएको छ ।

समीक्षा विधि एकाङ्कीको शीर्षक कथावस्तु, घटना, पात्र, संवाद, भाषाशैलीलगायतका तत्त्वमा आधारित प्रश्नोत्तर र छलफलको उपयोग गर्दै समीक्षा गर्ने विधि हो । यसमा एकङ्कीका विविध पक्षमा आधारित भई समीक्षा र विश्लेषण गरिन्छ । यो विधि उच्च तहमा उपयोगी हुन्छ । शिक्षक नौका अनुसार सामान्य समीक्षा वा विश्लेषण विधिअन्तर्गत विद्यार्थीहरूलाई पाठ्यवस्तु पढ्न लगाई शिक्षकले नमुना परिचयात्मक टिप्पणी गरी अभ्यास गराउने गरिएको छ । एकाङ्कीका सैद्धान्तिक पक्षका आधारमा समीक्षा गर्दै विश्लेषण गरिने यस विधिमा एकाङ्कीका विभिन्न पक्षको समीक्षा गर्ने गरिएको छ । यो विधि तुलनात्मक रूपमा

माथिल्ला कक्षाहरूमा प्रयोग गरिने विधि भएकाले सुरुमा विद्यार्थीहरूलाई नाटक गहन रूपमा पढ्न लगाउने पनि गरिएको छ । शिक्षक दशका अनुसार शिक्षकले कक्षामा विभिन्न किसिमका प्रश्नहरू राखेर त्यसको उत्तर दिन प्रेरित गरिएको छ ।
यसरी समग्रमा एकाङ्की शिक्षणका कममा पात्रका बारेमा मुख्य पात्र कुन हो ?, त्यसको खास विशेषता के हो ?, उक्त पात्र वर्गीय हो कि व्यक्तिगत प्रवृत्तिको हो ?, उसमा मानवीय गुण छन् कि छैनन् ?, उसका कमजोरीहरू के हुन् ? लगायतका प्रश्न सोधेर चरित्र चित्रण गर्ने अभ्यास गराइएको छ । यसरी माथि चर्चा गरिएका विधिका अतिरिक्त साहित्यका अन्य विधा शिक्षणका विधिहरूलाई पनि आवश्यकताअनुसार उपयोगमा ल्याउने गरिएको छ । यसक्रममा विषयवस्तुभित्रबाट बोलीको नक्कल वा भूमिका अभिनयजस्ता कियाकलाप सञ्चालन गर्ने गरिएको छ । नाटकीकरण गर्नु अगाडि शिक्षकले नाटकीकरण गरेर देखाएर वा बोलेर उक्त कुराको अनुकरण गर्ने अभ्यास गराउने कियाकलाप सञ्चालन गरिएको छ । विद्यार्थीबाटै नाटकीकरण गराउने क्रियाकलाप पनि गराउने गरिएको छ । भूमिका अभिनय गराउने क्रममा पाठभित्रका पात्रमा चरित्र तथा क्रियाकलाप झल्कने गरी अभिनय गराइएको छ ।

## निष्कर्ष

एकाङ्की एक अङ्कमा लेखिने स्वयम्‌मा पूर्ण दृश्यपाठ्य साहित्यिक विधा हो । यो आफ्नो प्रकृति र आफ्ना माध्यमको कठोर बन्धनले गर्दा एउटै घटना वा प्रसङ्गमा सीमित हुन्छ । यसमा अर्काको व्यवहार, आनीवानी, स्वभाव एवम् चारित्रिक विशेषताको दृश्य, श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुति हुन्छ । यसको शाब्दिक अर्थ अभिनय गर्नु हो । संवाद, मञ्चन वा अभिनय एकाङ्कीका प्रमुख तत्त्व हुन् । यसबाट हाउभाउ, अभिनय र भूमिका निर्वाह सिपको विकास गराउन सकिन्छ । यसमा नाटकीकरण, प्रश्नोत्तर र संवादात्मकताका पक्षमा विचार पुऱ्याइएको हुन्छ । एकाङ्की शिक्षणका प्रयोजन मानिसका स्वभाव र चरित्रको बारेमा अभिनयात्मक ढङ्गले भावाभिव्यक्ति, वाचनकलाको विकास, आरोह, अवरोह र आघातका बारेमा अभ्यास गराइ हाउभाउपूर्ण अभिव्यक्ति दिन सक्ने तुल्याउनु हो । यसबाट हाउभाउ, अङ्ग सञ्चालन, मुखमुद्राजस्ता भाषिकेतर क्रियाकलापद्वारा भाषिक सिपको विकास गराउन सकिन्छ ।
एकाङ्की शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूमा सिर्जनात्मकता, आत्मविश्वास, सामूहिक कार्य र मौखिक अभिव्यक्ति क्षमताको विकास गराउनु हो । शिक्षककह¿बाट प्राप्त तथ्यअनुसार एकाङ्की शिक्षणका लागि विद्यार्थीहरूको स्तर र रुचिअनुसारका कियाकलाप सञ्चालन गर्ने गरिएको छ । यसबाट विद्यार्थीहरूलाई अभिनय, भाव, हाउभाउ, र संवादकला सिकाउन सकिने भएकाले परिचयात्मक चरणमा विद्यार्थीहरूसँग एकाङ्कीका विशिष्टताबारे जानकारी दिने गरिएको छ । शिक्षणका कममा पात्रहरूको मनोवृत्ति र चरित्रको अध्ययन गराउने गरिएको छ । समूहमा पनि अभिनय अभ्यास गराउने गरिएको छ । यस प्रक्रियाले विद्यार्थीहरूमा सिर्जनात्मकता, आत्मविश्वास, सामूहिक कार्य र अभिव्यक्ति क्षमताको विकास गराउन सहजता भएको छ । विद्यार्थीहरूले विभिन्न भूमिकामा आफूलाई प्रस्तुत गर्दै नयाँ दृष्टिकोण तथा भावनाहरू अनुभव गर्ने र अभिनयले सिर्जनात्मक सोचाइलाई उत्प्रेरित गर्ने गरेको पाइएको छ । तुरुन्तै अभिनय गर्नाले उनीहरूको सिर्जनात्मकता, समस्या समाधान क्षमता, लेखन क्षमता र आलोचनात्मक सोचमा सुधार ल्याउन सहज भएको छ । शिक्षणमा प्रस्तावनाबाट विषयवस्तु र

उद्देश्यको परिचयले कक्षाको दिशानिर्देशमा स्पष्टता ल्याउने र विद्यार्थीहरूलाई शारीरिक तथा मानसिक रूपमा तयारी गर्न मदत गरेको छ ।

समीक्षा एकाङ्कीको शीर्षक, कथावस्तु, घटना, पात्र, संवाद, भाषाशैलीलगायतका तत्त्वमा आधारित प्रश्नोत्तर तथा छलफल गर्दै समीक्षा गर्ने विधि भएकाले एकङ्कीका विविध पक्षमा आधारित भई विश्लेषण गर्ने सिपको विकासमा निकै प्रभावकारी भएको छ । संयुक्त विधिअनुसार शिक्षकले पहिले एकाङ्कीका पात्रको संवादलाई वाचन गरी विद्यार्थीलाई पात्र अनुकुल वाचनको अभ्यास गराउन जोड दिने गरिएको छ । आदर्श नाट्य विधि एकाङ्कीका सबै पात्रअनुसारका संवाद, ध्वनि परिवर्तन र शरीर सञ्चालन वा हाउभाउ गरेर शिक्षकले वाचन गर्ने विधि भएकाले यसमा एकाङ्कीका सबै पात्रअनुसारका संवाद, ध्वनि परिवर्तन र शरीर सञ्चालन वा हाउभाउ गरेर शिक्षकले वाचन गर्नेसमेत गरिएको देखिन्छ । व्याख्या विधि एकाङ्कीका तत्त्वहरू कथानक, पात्र, कथोपकथन लगायतका आधारमा विवेचना गर्ने विधि भएकाले शिक्षकले वाचन गरेपछि एकाङ्कीका रचयिता, कथानक, पात्रगत चरित्रचित्रण, संवाद, भाषाशैली, शीर्षकको सार्थकता, परिवेशलगायत एकाङ्कीका विवेच्य पक्षमाथि मौखिक प्रकाश तथा प्रश्नोत्तरका माध्यमले गुणदोषको निरूपण गर्न लगाउने गरिएका तथ्य प्राप्त भएका छन् । रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि र पात्र अनुकुल आवश्यकतानुसार नाटकीकरणसमेत गर्न लगाइने विद्यार्थी केन्द्रित विधि हो तर हाम्रा कक्षामा यस खालका क्रियाकलाप गराउन सकिएको छैन । समीक्षा विधि एकाङ्कीको शीर्षक कथावस्तु, घटना, पात्र, संवाद, भाषाशैलीलगायतका तत्त्वमा आधारित प्रश्नोत्तर तथा छलफल गर्दै समीक्षा गर्ने विधि भएकाले यसमा एकाङ्कीका विविध पक्षमा आधारित भइसमीक्षा र विश्लेषण गराउने गरिएको छ । संयुक्त विधिअनुसार शिक्षकले पहिले नाटक एकाङ्कीका पात्रको संवादलाई वाचन गर्ने र त्यसपछि सोहीअनुसार विद्यार्थीलाई पात्र अनुकुल वाचनको अभ्यास गराउन जोड दिने गरिएको छ । यसरी एकाङ्की शिक्षणलाई भाषाशिक्षण सिकाइसँग जोड्नुपर्दछ । यस अध्ययनमा कक्षाको परिस्थिति, एकाङ्कीको गहनता तथा विद्यार्थीका कक्षागत स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने निचोड निकालिएको छ ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत लेख तयारीका क्रममा प्रत्यक्ष रूपमा थुप्रै सहयोग प्राप्त भएका छन् । यसक्रममा विद्वान्हरूका सैद्धान्तिक लेखरचना तथा कृतिहरूको पनि उपयोग गरिएको छ । नमुना छनोटमा परेका विद्यालयका शिक्षकहरूबाट एकाङ्की शिक्षणप्रतिका गहन अनुभव प्राप्त भएका छन् । त्यसैले उहाँहरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी यस लेखको आवश्यक परिमार्जनका लागि सुझाव उपलब्ध गराउनु भएका विषयविज्ञहरूप्रति आभार प्रकट गर्दछु ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०६५), नेपाली भाषा शिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६५). प्रारम्भिक नेपाली शिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०६७). नेपाली एकाङ्की र एकाङ्कीकार. साझा प्रकाशन ।

ओझा र अन्य (२०७३) नेपाली कविता, नाटक र नेपाली साहित्यको इतिहास ( छैटौं संस्क ). पिनाकल पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०७५). भाषिक विधा शिक्षण. पिनाकल पब्लिकेसन ।

पन्थ, नारायणप्रसाद (२०६७). नेपाली भाषा शिक्षण. एसिया पब्लिकेसन्स प्रालि ।

पाठ्यक्रम विकास केन्द्र (२०६६). अनिवार्य नेपाली शिक्षण निर्देशिका. अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०६९). नेपाली साहित्यिक रचना. अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०५५,२०६४,२०७१,२०७६). माध्यमिक शिक्षा पाठ्यक्रम. पाठ्यक्रम विकास केन्द्र । www.cdc.gov.np

पोखरेल, रामचन्द्र (२०८१). नेपाली नाट्यविमर्श ( रङ्गदृष्टि -२). नेपाल नाट्यप्रतिष्ठान. पोखरा नेपाल ।

पौडेल, माधवप्रसाद (२०७०). नेपाली भाषा शिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

ब्लि / Blee, K. M. & Taylor, V. (2002). Seme structured interviewing in social movement research. *In:* Bert klandermans and Suzanne straggenborge (eds.). *Methods of social movement research*. Minnacapolis : University Minnacsota Press, pp. 92 - 117.

भण्डारी र अन्य ( २०६८). नेपाली गद्य र नाटक. विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२). नेपाली भाषा र साहित्य शिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७२). नेपाली भाषा र साहित्य शिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (२०६८). रत्न बृहत् नेपाली समालोचना. रत्न पुस्तक भण्डार ।